पक्ष न विपक्ष सधैं निष्पक्ष पत्रकारिता

# सिद्धटोपी खबर साप्ताहिक

SIDDATOPI khabar weekly
WWW.SIDDATOPIKHABAR.COM



वर्ष-३ अंक-०१ | २०८० साल साउन ०७ गते आईतवार | SUN 23 JUL 2023 | Siddatopi Khabar Weekly | मूल्य रु.१०

## भारतमा टमाटरको मूल्य महंगो हुँदा नेपाली टमाटरले पायो बजार

सिद्धटोपी खबर
*दार्चुला, साउन ०७ गते ।*

केही दिनयता भारतीय टमाटरको मूल्यले आकाश छोएको छ। बजारमा अहिले टमाटरको मूल्य प्रतिकिलो १ सय २० देखि १ सय ३० भारतीय रुपैयाँ पुगेको छ। भारतमा टमाटरको मूल्य महंगो भएपछि नेपाली टमाटरले भने राम्रो बजार पाएको छ। प्रायः भारतीय टमाटर नै प्रयोग हुने दार्चुला बजारमा अहिले नेपाली टमाटर मात्रै प्रयोग भइरहेको पाईएको छ।

नेपाली टमाटर अहिले १ सय २० रुपैयाँदेखि १ सय ६० रुपैयाँसम्ममा विक्री वितरण भइरहेको छ। भारतले भने नेपाली टमाटरलाई आयातमा रोक लगाएको छ। भारतमा टमाटरको मूल्य बढी हुँदा नेपाली टमाटरले सहजै बजार पाउने अवस्था हुदाँ आयातमा रोक लगाइएको बुझिएको छ। फुड सेफ्टीको बाहना झिक्दै टमाटर फिर्ता पठाइरहेको कृषकहरुले बताएका छन्। अहिले दार्चुला पुलघाटबाट धारचुला बजार जाने टमाटर फिर्ता भइरहेको दार्चुला भन्सार कार्यालयले जनाएको छ। तर, अन्य फलफूल र सागसब्जी भने गइरहेको छ। यस्तै भारतले अहिले चामल (बोरामा) नेपाल निर्यात पनि रोक लगाएको छ। खुल्ला चामल नेपाल आउन दिएपनि प्याकिङ चामलमा रोक रहेको छ।

अहिले जिल्लाको नौगाड गाउँपालिका-२ दल्लेख, वडा नम्बर ४ सिप्टी, वडा नम्बर ६ धुलीगडा, वडा नम्बर ५ को सौकेबगर, मालिकार्जुन गाउँपालिका गाउँपालिकाको वडा नम्बर १ भतौंला, महाकाली नगरपालिकाको वडा नम्बर ९ दत्तु, थाप्लाका कृषकहरुले फलाएका टमाटर बजारमा आएका छन्। वर्षाका कारण खलगा-दल्लेख सडक अवरुद्ध हुदाँ नौगाडमा उत्पादित टमाटर बजारसम्म ल्याउन समस्या भएको छ। चार/पाँच घण्टा पिठ्युमा डोको/भारी बोकेर सदरमुकाम खलंगा बजारसम्म टमाटर पुर्याएर विक्री गर्ने गरेको नौगाड गाउँपालिका-२ का स्थानीय मदन सिंह सितोलीले बताए। 'घण्टौ पैदल हिडेर कृषि उत्पादन ल्याउनुपर्ने बाध्यता छ, बर्खाको समय भएकाले जोखिम पनि उत्तिकै छ, उनले भने।'

## अपर चमेलिया जलविद्युत आयोजनामा आजबाट विद्युत उत्पादन सुरू

सिद्धटोपी खबर
*दार्चुला, साउन ०६ गते ।*

अपर चमेलिया जलविद्युत आयोजनामा आजबाट विद्युत उत्पादन सुरु भएको छ। जिल्लाको मार्मा गाउँपालिका-१ र २ तथा अपिहिमाल गाउँपालिका-५ मा रहेको अपर चमेलिया जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भए संगै विद्युत उत्पादन सुरु भएको अपि पावर कम्पनी लिमिटेडका कार्यकारी प्रमुख संजीव न्यौपानेले जानकारी दिनुभयो।

आयोजनाले आजबाट परिक्षण उत्पादन सुरु गरेको तथा भोली साउन ७ गते राष्ट्रिय प्रशारण लाइनमा जोडिने उहाले बताउनुभयो। 'आयोजनाले आन्तरिक परिक्षण उत्पादन आजबाट सुरु गरेको छ, भोली राष्ट्रिय प्रशारण लाइनमा चार्ज गर्छौं, उहाले भन्नुभयो।' अढाई वर्षमा निर्माण

*बाकि पेज नं. ६*

बासी सडेगलेका खानेकुराहरु नखाऔं, स्वस्थ र निरोगी बनौं।

ब्याँस गाउँपालिका स्वास्थ्य शाखा
सुन्सेरा दार्चुला

# दार्चुलाका अमर २० वर्षदेखि युएईको जेलमा

*सिद्धटोपी खबर*
*दार्चुला साउन ०७ ।*

जिल्लाको दुहुँ गाउँपालिका- ४ दौला (तत्कालीन धारी गाविस) का अमरबहादुर बम २० वर्षदेखि हत्या आरोपमा युनाइटेड इमिरट्स अरब (युएई)को जेलमा छन्। सन् २००३ मा दुबईको क्लबमा भारतीय नागरिक शरद सेट्ठीको हत्यामा त्यहाँको उच्च न्यायालयले अमरलाई मतियारका रूपमा मृत्युदण्डको फैसला सुनाएको थियो। त्यहाँको कानुनले अपराधी ठहर गरे पनि जेल प्रशासनका अधिकारीले निर्दोष ठान्दा उनी अहिलेसम्म मृत्युदण्डबाट जोगिएका छन्।

सेट्ठीको हत्या गर्नेहरूको आफू गाडीचालक मात्र भएको दाबी गर्दै आएका अमरले नेपालका प्रधानमन्त्रीले युएईका शेखलाई भेटेर वास्तविकता जाहेर गरिदिए आफूले आममाफी पाउने अपेक्षा राखेका छन्। सन् २००२ मा अमर वैदेशिक रोजगारीका लागि युएई पुगेका थिए। १९ जनवरी २००३ मा दुबईको इन्डियन क्लबमा भारतीय नागरिक शरद सेट्ठीको हत्या भारतकै मनोज मुदाना र करनसिंह राजपुतले गरेका थिए। अमर उनीहरूका गाडीचालक थिए। उनलाई गाडी कुर्न लगाएर दुईजना क्लबभित्र छिरी सेट्ठीको हत्या गरेका थिए। त्यसबारे अमरलाई थाहै थिएन।

तर, घटनाको करिब एक वर्षपछि दुबईको उच्च अदालतले मनोज र करनलाई हत्या अभियोगमा तथा अमरलाई मतियारका रूपमा मृत्युदण्डको फैसला सुनाएको थियो। अहिलेसम्म मृत्युदण्डको सजायबाट जोगिएका उनलाई छुटाउन नेपाल सरकारले कुनै पहल लिएको छैन।

**जेल परेको सात वर्षपछि मात्रै थाहा पायो दूतावासले**

परिबन्दमा फसेर जेलमा मृत्युदण्ड कुरिरहेका अमरलाई सात वर्षपछि अब बाँचिन्छ कि भन्ने झिनो आस पलायो। सन् २०१० मा युएईका लागि तत्कालीन नेपाली राजदूत अर्जुनबहादुर थापा जेल निरीक्षणमा गएका थिए। 'नेपाली राजदूतलाई देखेपछि मलाई बचाउनुस् भन्दै रोएँ,' अमरले नयाँ पत्रिकासँग भएको टेलिफोन संवादमा त्यो दिन सम्झिए, 'घटनाको विवरण पनि सुनाएँ। त्यस दिनपछि मात्रै म जेल परेको खबर बाहिरियो।' कुनै अपराध नगरी आफू परिबन्दमा फसेको उनको भनाइ छ।

**अमरलाई जेलमुक्त गराउन युएईमा रहेका नेपालीले बचाउ अभियान नै सुरु गरे।**

मानव अधिकारवादी, नागरिक समुदायलगायतले वेला-वेला अमरका बुबा कर्णबहादुर र श्रीमती धनमतीलाई काठमाडौं पनि ल्याए। राष्ट्रपति, प्रधानमन्त्रीदेखि सम्बन्धित सरकारी अधिकारीलाई ज्ञापनपत्र बुझाउन लगाए।

तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले युएई सरकारलाई अनुरोधपत्र पठाएका थिए। त्यस्तै, तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले युएई भ्रमणका क्रममा त्यहाँका प्रधानमन्त्री शेख मोहम्मद बिन अल मोक्तमलाई भेटेर अमरलाई आममाफी दिई नेपाल पठाइदिन अनुरोध गरेको युएईका लागि पूर्वकार्यवाहक राजदूत नेत्रबहादुर टण्डनले बताए। नेपाली समाज युएईका पूर्वअध्यक्ष कृष्ण ढकालले नेपालका प्रधानमन्त्रीले मात्रै अमरलाई बचाउन सक्ने बताए। 'युएईका प्रधानमन्त्रीसमेत रहेका दुबईका शासक शेख मोहम्मद बिन रसिक मोक्तम उदार दिलका छन्। न्याय र सुरक्षामा उनको देशभरि तारिफ हुन्छ। प्रधानमन्त्री आएर शेखसँग सौहार्दपूर्ण रूपमा वास्तविकता राख्ने हो भने उनले सजिलै आममाफी पाउँछन्,' ढकालको दाबी छ।

युएईमा सर्वोच्च न्यायालयले तोकेको सजाय पनि शेखले माफी मिनाह गर्न सक्ने प्रावधान छ। तर, नेपाल सरकारले आफ्ना नागरिकको मूल्य बुझ्न नसकेको युएईमा लामो समयदेखि पत्रकारिता गर्दै आएका उमाकान्त पाण्डेले बताए। 'युएईमा धेरै मुलुकका श्रमिकले काम गर्छन्। आफ्ना श्रमिकलाई समस्या पर्‍यो भने तत्काल चासो देखाउँछन्। तर, नेपाल सरकारले भने रेमिट्यान्सको मात्रै हिसाब राख्छ,' उनले भने। अमर अपराधी होइनन् भन्ने कुरा मुख्य अपराधीकै बयानबाट पनि स्पष्ट हुने पत्रकार पाण्डे बताउँछन्। यहाँको भाषा र नियम बुझ्न नसक्दा पनि अमरले आफूमाथिको अभियोगबारे सफाइ दिन सकेनन्। ठूला-ठूला अपराध गरेका आफ्ना नागरिकलाई कति देशका प्रमुख आएर लैजाने गर्छन्। 'म निर्दोष छु। बाँच्न चाहन्छु' भन्दै अमरले सधैं अनुनय गर्ने गरेको पाण्डेले बताए। मृत्युदण्ड सुनाएको २० वर्ष भए पनि अमर भाग्यवश बाँचिरहेका छन्।

त्यसको कारण भनेको मुख्य अपराधी भारतीय नागरिक हुनु हो। भारत र युएईबीच सुपुर्दगी सन्धि छ। त्यसअनुसार युएईले उनीहरू भारतलाई बुझाउनुपर्छ। तर, भारतले ती दुईजना अपराधीलाई आफ्नो देश लैजान पहल गरेको छैन। नेपाली समाजका पूर्वअध्यक्ष ढकालका अनुसार निर्दोष अमरको केशलाई भारतसँग कुरा गरेर, युएईमा अलग-अलग मुद्दाको रूपमा स्थापित गर्न सक्नुपर्छ। प्रधानमन्त्री तहबाट नै यो पहल भयो भने उद्धार गर्न सकिन्छ।

**जेलभित्रबाट अमरको बिलौना- भाषाको समस्याले अदालतमा आफ्ना कुरा सुनाउनै सकिनँ**

भारतको राजस्थानमा ड्राइभरको काम गर्थें। ट्रकमा मार्बल ओसार पसार गर्थें।

त्यही क्रममा एक धनाढ्यसँग भेट भयो। उनी मलाई 'राम्रो काम गर्छौ' भन्दै स्याबासी दिने गर्थे। एक दिन उनले मेरो पारिश्रमिक सोधे। थोरै सुनेपछि उनले मलाई 'महिनाको २० हजार तलब दिन्छु' भनेर अफर गरे। धेरै कमाइने भएपछि म पनि उनले भनेको काम गर्न तयार भएँ। उनले तुरुन्त घर गई पासपोर्ट बनाएर आउन भने। म केही दिनमै पासपोर्ट बनाएर दिल्ली पुगें। उनले मलाई २००२ डिसेम्बर अन्तिम साता आफूसँगै दुबई ल्याए। मलाई ड्राइभरको काम गर्नुपर्ने उनले बताएका थिए। दुबई पुगेपछि उनले मलाई भारतीय नागरिक मनोज मुदाना र करनसिंह राजपुतको जिम्मा लगाइदिए। म उनीहरूको गाडी चलाउँथें। उनीहरूलाई भनेको ठाउँमा लैजानु मेरो ड्युटी थियो। उनीहरू दैनिकजसो इन्डियन क्लब जान्थे। गाडी रोकाएर मलाई बाहिरै कुराउँथे। १९ जनवरी २००३ को दिन उनीहरू सधैँझैं क्लबभित्र छिरे।

*बाकि पेज नं. ६*

# मालिकार्जुन गाउँपालिकाको प्रशासकिय भवन दुई पटक शिलान्यास

सिद्धटोपी खबर
*दार्चुला, साउन ०४ गते ।*

जिल्लाको मालिकार्जुन गाउँपालिकामा निर्माण भइरहेको प्रशासकिय भवनको दुई पटक शिलान्यास गरिएको छ । प्रशासकिय भवनको निवर्तमान गाउँपालिका अध्यक्ष नरेन्द्र सिह धामी र वर्तमान गाउँपालिका अध्यक्ष हिरा सिह धामीले छुट्टाछुट्टै समयमा एउटै ठाउँमा उद्घाटन गरेका हुन । गत बैशाख २७ गते निवर्तमान गाउँपालिका अध्यक्ष नरेन्द्र सिह धामीले उद्घाटन गरेको प्रशासकिय भवनको पुनः दोस्रो पटक गाउँपालिका अध्यक्ष हिरा सिह धामीले गत असार ३१ गते शिलान्यास गरेका छन । गाउँपालिकाको वडा नम्बर ८ थकतोली र शंकरपुरको विचमा निर्माण हुन लागेको सुविधा सम्पन्न भवनको दुवै अध्यक्षले फरक –फरक मितिमा शिलान्यास गरिएपछि अहिले विरोध भइरहेको छ। गाउँपालिकाको वडा नम्बर ८ को थकतोलीमा निर्माण हुने गाउँपालिकाको प्रशासकिय भवनको निर्वतमान गाउँपालिका अध्यक्ष नरेन्द्र सिंह धामीले शिलान्यास गरेपछि विधिपूर्वक नगरिएको भन्दै गाउँपालिका अध्यक्ष हिरा सिह धामीको टोलीले ३१ असारमा शिलान्यास गरेको एक कर्मचारीले बताएका छन। गाउँपालिकाको वडा नम्बर ८ थकतोलीका स्थानीय दुर्गा दत्त जोशी र मोहन देव जोशीले निःशुल्क दान गरेको ६ रोपनी जग्गामा निर्माण हुन लागेको गाउँपालिकाको प्रशासकिय भवनको गत आइतबार शिलान्यास गरिएको गाउँपालिका उपाध्यक्ष कल्यान सिह धामीले



जानकारी दिए । गाउँपालिका उपाध्यक्ष धामीका अनुसार निर्वतमान गाउँपालिका अध्यक्ष नरेन्द्र सिंह धामीले कामको सुरुवात गरेको बताएका छन।

३१ असारमा गरिएको शिलान्यासले इटा राख्ने काम गरेको बताएका हुन। लगभग झण्डै ७ करोड बराबरको बजेटमा निर्माण हुने लागेको भवनमा साढे तिन तलाको बन्ने बताइएको छ।

निर्माण हुन लागेको प्रशासकीय भवन मालिकार्जुन गाउँपालिकाका ८ वटै वडाका स्थानीयलाई पायक पर्ने स्थानमा रहेको गाउँपालिकाले जनाएको छ। पुर्व गाउँपालिका अध्यक्ष नरेन्द्र सिह धामीले आफनै पालादेखि भवन निर्माणको प्रक्रिया अगाडी बढाएको भन्दै आफैले भवन शिलान्यास गर्ने मौका मिलेको दावी गरेका छन।

# टिंकरनाका संचालनको माग गर्दै ब्याँसबासी जिल्ला प्रशासन

सिद्धटोपी खबर
*दार्चुला, साउन ०१ गते ।*

विगत ५ वर्षदेखी बन्द अवस्थामा रहेको दार्चुलाको चीन संग जोडिएको टिंकरनाका संचालनको माग गर्दै ब्याँस गाउँपालिकाका जनप्रतिनिधि र जिल्ला स्थित राजनितिक दलका नेताहरुले संघीय सरकार संग माग गरेका छन्। आज दार्चुलाका प्रमुख जिल्ला अधिकारी किरण जोशीलाई टिंकरनाका संचालन गर्न संघीय सरकारलाई सिफारिस गरिदिन उनिहरुले एक पत्र बुझाएका छन्।

ब्याँस गाउँपालिका-१ टिंकर र छाङरुमा बसोबास गर्ने सौका समुदायहरुले परापुर्वकाल देखी चीनको स्वशासित क्षेत्र तिब्बतको ताक्लाकोट मण्डीमा व्यापार व्यवसाय गरी जिविकोपार्जन गर्दै आइरहेको तथा नाका बन्द हुँदा जिविकोपार्जनमा समस्या भएको भन्दै उनिहरुले बेला-बेला नाका संचालनका लागि माग गर्दै आइरहेका छन्। साथै दार्चुला सदरमुकाम खलंगा देखी छाङरु र टिंकर सम्मको घोरेटो बाटो ठाउँ-ठाउँमा भत्केर पैदल मार्ग समेत बन्द भएको तथा भारतको बाटो प्रयोग गर्नु पर्दा भारतको अनुमति लिनु पर्ने बाध्यता रहेको उनिहरुले बताएका छन्।

छाङरु र टिंकरका स्थानियहरुको जिविकोपार्जनको एकमात्र स्रोत रहेको टिंकरनाका खोल्न संघीय सरकारलाई सिफारिस गरिदिन तथा स्थानियहरुको ताक्लाकोटको गोदाममा रहेको समानको व्यवस्थापन गर्न त्याहा सम्म जान आउन अन्य वैकल्पिक मार्गको प्रयोग गर्न अनुमति पत्र उपलब्ध गराउन उनिहरुले माग गरेका छन्। ब्याँस गाउँपालिकाका अध्यक्ष मंगल सिंह धामी, उपाध्यक्ष बिनोद सिंह कुवर, नेपाली कांग्रेसका नेता ललित सिंह बोहरा, नेकपा एमालेका नेता गेल्बु सिंह बोहरा र जहेन्द्र सिंह ऐतवालले प्रमुख जिल्ला अधिकारीलाई टिंकरनाका संचालनको माग सहितको पत्र बुझाएका हुन्। यता दार्चुलाबाट निर्वाचित प्रतिनिधिसभा सदस्य एवं पुर्वमन्त्री दिलेन्द्र प्रसाद बडूले टिंकरनाका चाँडै संचालनमा आउने बताउनु भएको छ।

असार २३ गते नेपाली कांग्रेस दार्चुलाको सम्मेलनलाई सम्बोधन गर्न गृह जिल्ला आउनु भएका सदस्य बडूले टिंकरनाका बन्द हुँदा टिंकर र छाङरुमा बसोबास गर्दै आइरहेका सौका समुदायका मानिसहरुको रोजगारी बन्द भएको अवस्थामा सो नाकालाई तत्काल संचालन गर्ने तर्फ सरकारको ध्यानाकर्षण भएको बताउनु भएको थियो।

सरकारले चीन संगको समन्वयमा अन्य नाकाहरु संचालनमा ल्याइसकेको तथा दार्चुलाको टिंकर नाकालाई पनि संचालनमा ल्याउन दुई देशका बीचमा छलफल र समन्वय भइरहेको सदस्य बडूले बताउनु भएको थियो। अगामी सेप्टेम्बरमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चीन भ्रमण हुने तथा भ्रमणको समयमा टिंकरनाका संचालनका लागि चीन सरकार संग समन्वय र सहकार्य हुने उहाले बताउनुभयो।

सुदूरपश्चिमका साथै देशकै समृद्धिसंग जोडिएको टिंकरनाकालाई छिट्टै संचालनमा ल्याउनु अहिलेको आवश्यकता भएको उहाले बताउनु भएको थियो।

# महाकाली नगरपालिकालाई नगर शिक्षक व्यवस्थापन कार्यविधि पेश गर्न जिल्ला अदालत दार्चुलाको आदेश

सिद्धटोपी खबर,
*दार्चुला, साउन ०३ गते ।*

जिल्ला अदालत दार्चुलाले नगर शिक्षक व्यवस्थापन कार्यविधि २०८० लाई अदालतमा पेश गर्न विपक्षी महाकाली नगरपालिका नगर कार्यपालिकाको नाममा आदेश जारी गरेको छ।

असार ३१ गते भएको आदेश अनुसार आजको सुनुवाईमा नगर पालिकालाई नगर शिक्षक व्यवस्थापन कार्यविधि पेस गर्न जिल्ला न्यायाधीश खेमराज भट्टबाट आदेश भएको श्रेस्तेदार कौशलेश्वर ज्ञवालीले जानकारी दिनुभयो। दार्चुला जिल्ला अदालतबाट विपक्षी महाकाली नगरपालिकाका नाममा असार ३१ गते नगर शिक्षक पदको आन्तरिक प्रतियोगितात्मक परिक्षा विज्ञापन २०८० लाई कार्यान्वयन नगर्न अल्पकालिन अन्तरिम आदेश जारी भएको थियो। निवेदक मालिकार्जुन गाउँपालिका-२ बस्ने सुन्दर सिंह धामी समेत ३ जनाको पक्षबाट अधिवक्ताद्धय धिरेन्द्र साउँद र हरिशचन्द्र जोशीले तथा विपक्षी महाकाली नगरपालिकाका पक्षबाट अधिवक्ता गगन सिंह धामी, कृष्ण सिंह महराले बहस गरेका थिए।

नगर शिक्षक व्यवस्थापन कार्यविधि २०८० निर्माण भएको अवस्थामा नगरपालिकाका नाममा अल्पकालिन अन्तरिम आदेश जारी नहुनु पर्ने नगरपालिकाका पक्षका अधिवक्ताहरुले बहस गर्दा कार्यविधि पेश गर्न आदेश भएको उहाले बताउनुभयो। विपक्षी नगरपालिकाले नगर शिक्षक कार्यविधि २०८० लाई पेश गरेपछि पुनः सुनुवाई हुने श्रेस्तेदार ज्ञवालीले जानकारी दिनुभयो। अबको एक हप्तापछि पुनः सुनुवाई हुने बताइएको छ। यसअघिको स्थानिय सरकार महाकाली नगर पालिकाले सबै पक्रिया पुरा गरी भर्ना गरेका शिक्षकहरुको पुनः परिक्षा लिनु पर्ने कारण के हो रु लगायतका विषयहरु उल्लेख गरि असार २९ गते दार्चुला जिल्ला अदालतमा निवेदन परेको थियो।

महाकाली नगरपालिकाले असार २४ गते आधारभूत तह ९कक्षा ६-८० र माध्यमिक तह ९कक्षा ९-१०० मा ३३ जना नगर शिक्षक भर्नाका लागि दरखास्त आह्वान गरेको थियो। नगरपालिका स्थित सामुदायिक विद्यालयमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्धारा ३३ जना नगर शिक्षक भर्ना गर्न उक्त विज्ञापन गरिएको हो। आधारभूत तहका ९ विद्यालयमा २१ जना र माध्यमिक तहका ७ विद्यालयमा १२ जना शिक्षक भर्ना गर्न विज्ञापन गरिएको थियो।

# दार्चुला बहुमुखी क्याम्पस प्रमुखमा नरेन्द्रराज अवस्थी नियुक्त

सिद्धटोपी खबर
*दार्चुला, साउन ०१ गते ।*

जिल्ला सदरमुकाम खलंगामा रहेको दार्चुला बहुमुखी क्याम्पसको प्रमुखमा दार्चुला घर भएका नरेन्द्रराज अवस्थी नियुक्त हुनु भएको छ।

सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०८० असार ३१ गतेको निर्णय बमोजिम उपप्राध्यापक अवस्थीलाई नियुक्त गरिएको हो। उपप्राध्यापक अवस्थीलाई साउन १ गते (आज) देखी कामकाज गर्ने गरी नियुक्त गरिएको सुदूर पश्चिम विश्वविद्यालय महेन्द्रनगर कञ्चनपुरका उपकुलपति प्राध्यापक डा. अम्मराज जोशीले बताउनुभयो। अवस्थीलाई सुदूरपश्चिम विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली २०६९ अनुसार नियुक्त गरिएको उपकुलपतिको कार्यालयले जनाएको छ। उपप्राध्यापक अवस्थी क्याम्पस प्रमुखमा नियुक्त भएपछि सामाजिक सञ्जालमा बधाई दिनेको ओइरो लागेको छ।

आफ्नो नगर आफै सफा राख्ने
बानीको विकास गरौं।

बासी सडेगलेका खानेकुराहरु
नखाऔं, स्वस्थ र निरोगी बनौं॥
दुहुँ गाउँपालिका स्वास्थ्य शाखा हिकिला दार्चुला

महाकाली नगरपालिकाद्धारा
जनहितका लागि जारी सन्देश

# ललिता निवास प्रकरणमा पक्राउ परेका सचिव राउतलाई छोड्न आदेश, अरुको रिट खारेज

सिद्धटोपी खबर
*काठमाडौं, साउन ०५ गते ।*

सर्वोच्च अदालतले ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा पुर्‍याउने कार्यमा संलग्न भन्दै प्रहरीले पक्राउ गरेका सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयका सचिव कृष्णबहादुर राउतलाई छोड्न आदेश दिएको छ ।

शुक्रबार न्यायाधीशद्वय प्रकाश ढुंगाना र नहकुल सुवेदीको इजलासले राउतलाई छोड्न आदेश दिए पनि अरूलाई भने थुनामा राखेर अनुसन्धान गर्ने बाटो खोलेको छ । उनीसहित भाटभटेनी सुपर मार्केटका सञ्चालक मीनबहादुर गुरूङ, निर्वाचन आयोगका पूर्वआयुक्त सुधीरकुमार शाह र धर्मप्रसाद गौतमले पक्राउविरूद्ध बन्दीप्रत्यक्षीकरणको रिट हालेका थिए । सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलले चारै रिट खारेज भएको जानकारी दिए । 'चारै रिट खारेज भएका छन्, तर सचिव राउतलाई भने थुनामा राख्नुपर्ने कारण नदेखिएको भन्दै तारेखमा छोड्न परमादेश भएको छ,' उनले भने ।
जिल्ला अदालतबाट अनुमति लिएर नै पक्राउ गरेकोले उनीहरू चारै जनालाई थुनामा राख्ने कार्य गैरकानुनी नभएको भन्दै इजलासले बन्दीप्रत्यक्षीकरणको रिट खारेज गरेको हो । राउतलाई छोड्न भने उक्त इजलासले अदालतले यसअघि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयलाई आधार मानेको छ। तर उनलाई एउटा शर्त पनि तोकिएको छ ।

'उनीउपर भ्रष्टाचार मुद्दामा अख्तियारले २०७६ साल माघ २२ गते हाललाई मुद्दा नचलाउने भनी निर्णय गरेको देखिन्छ,' आदेश भनेको छ, 'यस स्थितिमा निजलाई थुनमा नराख्ने हो भने प्रस्तुत मुद्दाको अनुसन्धान नै प्रभावकारी नहुनसक्ने सम्मको अवस्था देखिएन । उनलाई थुनामै राख्नु पर्नेसम्मको आधार कारण र औचित्य देखिएन।'

तर उनलाई अदालतको अनुमतिबिना नेपाल बाहिर जान नपाउने गरी तारिखमा राखेर अनुसन्धान गर्न भनेको छ । केन्द्रीय अनुसन्धान ब्युरोले यस प्रकरणमा अनुसन्धानका लागि थुनामा राख्न काठमाडौं जिल्ला अदालतबाट अनुमति लिएर १७ जनालाई पक्राउ गरिसकेको छ । ब्युरोले यस प्रकरणमा संगठित अपराधमा अनुसन्धान गरिरहेको छ। यसअघि सरकारी जग्गा कीर्ते कसुरमा अनुसन्धान गरिरहेको थियो। यसरी संगठित अपराधमा अनुसन्धान गर्दा सुरूमा पक्राउ गरेको दिनबाट ६० दिनको म्याद हुन्छ। प्रहरीले समरजंग कम्पनीका तत्कालीन प्रमुख लोकहरि घिमिरे, समरजंग कम्पनीका तत्कालीन प्रमुख रमेशकुमार पोखरेल, नक्कली मोही देवनारायण महर्जन, तत्कालीन नापी अधिकृत ध्रुव अर्याल र गोपाल कार्कीलाई पक्राउ गरेको छ । काठमाडौं महानगर वडा नम्बर ५ का तत्कालीन वडा सचिव शिवजी भट्टराई, नक्कली मोही बाबुराजा महर्जन र तत्कालीन नापी कार्यालयमा रहेका घमानकुमार कार्की पनि पक्राउ परेका छन् । समरजंग कम्पनीका तत्कालीन सहायक लेखापाल विनोद पौडेल, भौतिक योजना मन्त्रालयका तत्कालीन सिनियर डिभिजन इन्जिनियर बालकृष्ण श्रेष्ठ, भूमि व्यवस्था विभागका तत्कालीन महानिर्देशक रूद्रप्रसाद श्रेष्ठ, तत्कालीन मालपोत कार्यालयका नायब सुब्बा योगराज पौडेल र खरिदार नारायणदास मिश्र प्रहरी हिरासतमा छन् । सेतोपाटी

# देउवालाई प्रकाशमानले भने– विधिअनुसार पार्टी चलाउनुभएन भने गुनासो मात्रै आउँछ

सिद्धटोपी खबर
काठमाडौं, *साउन ०५ गते ।*

नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रकाशमान सिंहले विधि, विधानअनुसार पार्टी सञ्चालन गर्न सभापति शेरबहादुर देउवालाई आग्रह गरेका छन् । शुक्रबारको केन्द्रीय समिति बैठकमा धारणा राख्दै सिंहले पार्टीका निर्णय प्रक्रिया विधिसम्मत हुनुपर्ने नत्र गुनासो मात्र आउने बताए ।

'पार्टीले निर्णय गर्दा प्रजातान्त्रिक प्रक्रिया पूरा गर्नुपर्छ नत्र गुनासो बाँकी रहन्छ,' उनले भने, 'पार्टी विधानअनुसार चल्नुपर्छ। यो कुरा मैले १० औं महाधिवेशनदेखि भन्दै आएको छु।' विधानले निर्देशित गरेका काम गर्न पनि उनले सभापति देउवालाई आग्रह गरेका छन् । उनले २०४६ सालपछि जसरी पनि सत्तामा पुग्नुपर्छ भन्ने मान्यता हाबी भएकोले मूल्यमान्यताको राजनीति कमजोर बनेको सिंहको भनाइ छ।

बासी सडेगलेका खानेकुराहरु नखाऔँ, स्वस्थ र निरोगी बनौँ।

जिल्ला स्वास्थ्य कार्यालय दार्चुला

## दार्चुला जिल्लाका अत्यावश्यक फोन नम्बरहरु

- जिल्ला प्रशासन कार्यालय : ०९३-४२०१३३/४२०२१४
- जिल्ला प्रहरी कार्यालय : ०९३-४२०१९९/४२०२५०
- जिल्ला अस्पताल दार्चुला : ०९३-४२०१८८
- रेडियो दार्चुला एफ एम : ०९३-४२०३२१/४२०३९७
- मानसरोवर केवुल टिभी : ०९३-४२०२७१
- जिल्ला भू-संरक्षण : ०९३-४२०१३४
- जिल्ला समन्वय समिति : ०९३-४१००४४
- नेपाल टेलिकम : ०९३-४२०१०८,४२०१११
- शिक्षा विकास तथा समन्वय ईकाइ : ०९३-४२०१३५
- कृषि ज्ञान केन्द्र : ०९३-४२०४४७
- निर्माण व्यवसायी संघ : ०९३-४२००४९
- जिल्ला मालपोत कार्यालय : ०९३-४२०१०३
- ग्लोबल आईएमइ बैंक : ०९३-४२०३८३/४२०१०२
- नेपाल विद्युत प्राधिकरण : ०९३-४२०१३२
- जिल्ला निर्वाचन कार्यालय : ०९३-४२०२२१/४२०३७७
- दार्चुला जिल्ला अदालत : ०९३-४२०१४०
- डिभिजन वन कार्यालय : ०९३-४२०१४५
- दार्चुला उद्योग वाणिज्य संघ : ०९३-४२०१६८
- राष्ट्रिय वाणिज्य बैंक : ०९३-४२०२६०
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र दार्चुला : ०९३-४२०११४
- महाकाली नगरपालिका : ०९३-४२०१३७
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र : ०९३-४२०१०४
- अपिनाम्पा संरक्षण क्षेत्र कार्यालय : ०९३-४२०४९७
- गुरुगोरख गुल्म दार्चुला : ०९३-४२०२००
- ईलाका प्रहरी कार्यालय गोकुलेश्वर : ०९३-४०००५५
- महाकाली सेती यातायात व्यवसायी समिति : ०९३-४२०२८२
- सिआरडिएस नेपाल : ०९३-४२००६१
- कृषि विकास बैंक : ०९३-४२०१६६
- सशस्त्र प्रहरी सीमा सुरक्षा गण : ०९३-४२०१००
- खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय : ०९३-४२०१५०
- कोलेनिका कार्यालय : ०९३-४२०१७७
- सेवक नेपाल सेफ वास-2 : ०९३-२४०३८८
- सनराइज बैंक दार्चुला : ०९३-४२०१२३
- सुआहारा दार्चुला : ०९३-४२०२६६
- नेपाल बङलादेश बैंक दार्चुला : ०९३-४२०२४२
- शिक्षाका लागि खाद्य कार्यक्रम ईकाइ दार्चुला : ०९३-४२०२८६
- जिल्ला सरकारी वकिल कार्यालय दार्चुला : ०९३-४२०१३१
- मानसरोवर राष्ट्रिय दैनिक : ०९३-४२०३९७
- ब्याँसी सौका समाज दार्चुला : ०९३-४२०२६२
- राजाकोठ युवा क्लव दार्चुला : ०९३-४२००२२
- जिल्ला हुलाक कार्यालय दार्चुला : ०९३-४२०१२०
- गोकुलेश्वर अस्पताल गोकुलेश्वर दार्चुला : ०९३-४०००८८
- घरेलु तथा साना उद्योग विकास समिति दार्चुला : ०९३-४२०१२१

## कला साहित्य

दिक्षा ज्ञवाली (रमा) — *कविता*

### *बिहे देखिको मेरो आपत्ति!*

मलाई बिहे देखि आपत्ति छ
बिहे गरेको दिन देखि जन्मेको
आफ्नो बाल्यकाल बिताएको
वर्षौं लगाएर जोडिएका जन्मभूमिका
हरेक कुना, काप्चा र आफ्ना प्रिय मान्छेहरूसँग
जोडिएका वर्षौंका यी मीठा मीठा यादहरूलाई समेट्दै बीच बाटोदेखि नै
टाढा जानुपर्ने रे
मलाई आपत्ति छ अझ हाम्रो मस्तिष्कमा
हाम्रो समाजमा जीवित रहेको यो पितृसत्तात्मक सोच र व्यवहार सँग
जहाँ बिहे भएपछि छोरी नै छोराको घरमा
आफूले जीवनका महत्त्वपूर्ण याद बनाएको
वर्षौं लगाएर सजाएको, बनाएको
प्रिय जन्म घर छोडेर
सदाका लागि नयाँ घर जानु पर्ने रे
बिरानो ठाउँ, अन्जान मान्छेहरूलाई नै आफ्नो बनाउनुपर्ने रे
नाम, थर सँगै गोत्र पनि फेरिने रे ..?
नयाँ हुनु पर्ने रे,
नाम, थर सँगै गोत्र फेरिएपछि
छोरी त जन्म दिने आमा बाबाकी पनि पराईकी अमानत हुनुपर्ने रे
मलाई आपत्ति छ अझै पनि छोरीहरूले नै आफूले दुःख सहेर भए पनि
सदा परिवारलाई हँसाउनुपर्ने रे
आफ्नो सपना, रहर सबै बन्धकी राखेर भए पनि सदा परिवारलाई
बनाएर राख्नु पर्ने रे
कहिले छोरी, बुहारी तिमी खुसी त छौ

## विविध

# धानको कथा : २०१५ सालको चुनावपछि धानको निर्यात ह्वात्तै बढ्यो

'भात खानु'भो ?' हामीकहाँ बोलीचालीमा व्यापक प्रयोग हुने वाक्य हो यो । सामान्यतः पानीमा चामल पकाएर सितैसिता बनाइयो भने त्यो भात हुन्छ तर हामीले भोजनको पर्याय बनायौँ भातलाई । त्यसैले भातको अर्थमा प्रज्ञा प्रष्ठिठानको शब्दकोश थप्छ, 'बिहान-बेलुकाको नियमित भोजन ।'

भात यत्तिकै व्यापक भएको होइन, हाम्रो देशमा सबैभन्दा बढी उत्पादन हुने बाली नै धान हो । हाम्रा प्रायः संस्कृतिसँग धान जोडिएको पाइन्छ, अनेक रूपमा । हामीकहाँ सबैभन्दा बढी सम्मान चामललाई गरिन्छ, अर्थात् निधारमा लगाइन्छ । हाम्रा पुर्खाले भोजनमा भातलाई निकै महत्त्व दिँदै आए । आज (असार १५) हामीले २०औँ 'राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव' मनाउँदै छौँ । नेपाल सरकारले २०६२ सालदेखि यो दिवस मनाउन थालेको थियो ।

आर्थिक वर्ष २०७८-७९ मा देशभरको १४ लाख ७७ हजार ३७८ हेक्टर क्षेत्रफलमा धानखेती गर्दा ५१ लाख ३० हजार ६ सय २५ मेट्रिक टन धान उत्पादन भएको थियो । यद्यपि पछिल्लो समय हामीकहाँ वार्षिक करिब ३८ अर्ब रुपैयाँको धान-चामल आयात भइरहेको भन्सार विभागको तथ्यांक छ । हामीकहाँ सरकारले नै धान उत्पादनमा जोड दिन थालेको सात सालको परिवर्तनपछि हो । सरकारी तथ्यांक खोज्दा २०१५ सालदेखि सरकारले धान निर्यातको तथ्यांक राखेको देखिन्छ । वर्ष २०१४-१५ मा देशबाट २० हजार ६०१ मेट्रिक टन धान निर्यात भएको थियो । २०१५-१६ सालमा निर्यात बढेर एकैचोटि ९२ हजार ४७९ मेट्रिक टन पुग्यो । वर्ष २०१७-१८ मा आइपुग्दा देशबाट एक लाख ३९ हजार ८७५ मेट्रिक टन धान निकासी भएको सरकारी प्रतिवेदन पाइन्छ, ('झापा धान बजार' : कृषि विभागबाट २०२२ सालमा प्रकाशित बेखालाल महर्जनले लेखेको प्रतिवेदन) । यस प्रतिवेदन अनुसार त्यतिबेला देशभरको १८ लाख ३१ हजार हेक्टर जमिन (६० प्रतिशत)मा खेती गरिन्थ्यो, जसमध्ये ११ लाख हेक्टर जमिनमा धानखेती हुन्थ्यो । प्रतिवेदन भन्छ, 'वर्ष २०१५-१६ मा विभिन्न वस्तुको निर्यातबाट ११ करोड ७९ लाख ३४ हजार रुपैयाँ आम्दानी भएको थियो । यसमध्ये धान-चामलबाट मात्र पाँच करोड ५४ लाख रुपैयाँ आएको थियो । वर्ष २०१७-१८ मा आइपुग्दा २० करोड ९७ लाख रुपैयाँ बराबरको वस्तु निर्यात भयो, जसमध्ये धान-चामलबाट मात्रै १० करोड १० लाख आम्दानी भएको थियो ।' यसले देखाउँछ, प्रजातन्त्रपछि खास गरी २०१५ सालको चुनावपछि धानको उत्पादन बढेको थियो । महेन्द्रले सत्ता हत्याएको केही वर्ष धानको उत्पादन बढेको प्रतिवेदन पाइन्छ ।

सरकारले २०१५ कात्तिक १७ मा 'कृषि सम्मेलन'को आयोजना गरेको थियो । तत्कालीन कृषि मन्त्रालयले 'कृषि सम्मेलनको रिपोर्ट २०१५' नाम दिएर प्रकाशन गरेको प्रतिवेदन अनुसार, १९९४ मंसिर १७ गते 'कृषि परिषद्' नाम दिएर सानो अड्डा खोलिएको थियो । १९९० सालको भूकम्पले देशलाई क्षतविक्षत पारेपछि राणाशासकहरू विकास-निर्माणमा तातिएका थिए । २००७ सालको परिवर्तनपछि कृषि परिषद्को बोर्ड स्वतः विघटन भयो, कृषि परिषद् कृषि विभागमा परिणत भयो । २०१५ सालसम्म विभागअन्तर्गत ११ सेक्सन खुले ।

**धानको उत्पत्ति**

धानका दुई वंशज छन्, ओरिजा सेटिभा र ओरिजा ग्लाबेरिमा । धानको उत्पत्ति कहाँ भयो भन्नेमा अनुसन्धानकर्ताबीच मतभिन्नता छ । ओरिजा सेटिभा वंशज दक्षिण एसियामा र ओरिजा ग्लाबेरिमा वंशज पश्चिमी अफ्रिकामा भएको भनिन्छ । धानका थुप्रै रैथाने जात नेपालमा भेटिएकाले धानको उत्पत्ति नेपालमा हुन सक्ने अनुमान गरिन्छ । शालग्राम अधिकारी लेखक रहेको २०४९ सालमा प्रकाशित 'धानखेती गर्ने उन्नत तरिका' पुस्तक अनुसार, नेपालमा करिब दुई हजार प्रकारका धानका स्थानीय जात पाइएकाले नेपाल पनि धानको उद्गम स्थल हुन सक्छ ।

२०३७ सालमा कृषि सूचना शाखाबाट प्रकाशित बीबी शाहीले लेखेको पुस्तिका 'जानकी, साबित्री र दुर्गा बढी फल्ने धानका नयाँ जातहरू' अनुसार, त्यतिबेला १२ सयदेखि १३ सय जातका धान नेपालमा पाइन्थ्यो । 'कृषिको विकासले गर्दा कैयन स्थानीय जात मासिएर गएको पाइन्छ,' शाहीले लेखेका छन्, 'उदाहरणको रूपमा लिने हो भने आज (२०३७ साल)भन्दा

*बाकि पेज ५*

# नेपाली सेनाको आकार कस्तो उपयुक्त हुन्छ ?

दीपकप्रसाद बास्तोला

गरिमामय इतिहास र यशश्वी छवी रहेको नेपाली सेनाको स्थापनाकालदेखि नै गौरवमय परम्परा छ । नेपालको एकीकरण अभियानदेखि विदेशी साम्राज्यविरुद्ध लडाइँ हुँदै राष्ट्रसंघीय शान्ति स्थापनासम्ममा कुशलता प्रदर्शन गर्दै नेपाली सेनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आफू अब्बल रहेको प्रमाणित गर्नुका साथै आफ्नो छुट्टै स्थान बनाउन सफल भएको छ । सेनाको बारेमा चर्चा गर्दा हामी नेपाली सेना वर्षौं लागेर बनेको र इतिहासको विभिन्न कालखण्डमा विश्वसामु आफूलाई परिपक्व सेनाको रुपमा स्थापित गरेको भेट्छौं । सेनाबिनाको देश हामी कल्पनासम्म पनि गर्न सक्दैनौं ।

केहि समययता नेपाली सेनाको काम नबुझिकन यसलाई बहसको विषय बनाउन खोजिएको छ । सेनाबारे बहस सुरु गर्नुअघि त्यसको चरित्र बुझ्न आवश्यक छ । यसको संवेदनशीलतालाई नबुझी गरिने हल्काफुल्का टिप्पणीहरूले बहसलाई निष्कर्षमा पुऱ्याउन सक्दैनन् । अहिलेको बहसले यसअघि निकालिएको निष्कर्षलाई नै गलत तरिकाले प्रमाणित गर्न खोजेको छ । पहिले सेनाको भूमिका र आवश्यकताबाट छलफल सुरु गर मात्रै छलफल सही ढंगले अघि बढ्न सक्छ ।

नेपाली र नेपालको रक्षा : सेना र जनताको साथबाट नै हाम्रो देश नेपालको एकीकरण भएको कुरालाई हामीले बिर्सन हुँदैन । नेपाली सेनाले विश्वशान्तिमा खेलेको भूमिकाबाटै नेपालको इज्जत बढ्नुका साथै नेपाल देशको नाम विश्वसामु फैलिएको छ । नेपाली सेनाको शान्ति सेनामा माग पनि बढेको अवस्थामा सेनाको संख्या थपी यो जिम्मेवारी पूरा गर्न सकेमा देशको नाम झनै उच्च हुनेछ । सयौं युवाको रोजगारीको अवस्था सिर्जना हुनेछ । के यो देशका लागि फाइदाजनक छैन र ? विपद्को समयमा भर पर्दो साथी : हामीले यो कुरा बुझ्न २०७२ सालको भूकम्पलाई सम्झिए पुग्छ । नेपाली सेना नभएको भए के हुने थियो भन्ने कुराको कल्पना हामी गर्न सक्छौ ? त्यसबेला नेपाली सेनाको प्रशंसा गर्ने हामीहरू कति छिटै यो धेरै भयो थाल्यौं ? देशको सेनाको बारेमा हलुका टिप्पणी गर्नु कति उचित होला ? बाढी पहिरोमा सेनाले गरेको सहयोगलाई हामी बिर्सन सक्दैनौं । कोभिड-१९ को महामारीको समयमा शवव्यवस्थापनसहितको सबैभन्दा कठिन कार्यहरूमा सेनाको भूमिका बिर्सन सकिँदैन । प्राकृतिक सम्पदाको रक्षा : नेपाली सेनाले अहोरात्र काम गरेर प्राकृतिक सम्पदाको रक्षा गरेको छ । देशमा घुम्न आउने विदेशीहरूबाट धेरै अर्थिक लाभ भएको छ । देशका विद्युत् गृहको सुरक्षामा समेत सेनाले राम्रो भूमिका खेलेको छ ।

विकास निर्माण : सेनाले विकास निर्माणका कठिन काममात्र गरेको छ र यसबाट जनशक्ति निर्माणमा फाइदा हुनुको अतिरिक्त देशको विकासमा टेवा पुगेको छ । विकासका कामहरूबाट नेपाली सेनाले प्राक्टिकल अनुभव पनि हासिल गर्ने हुँदा र विदेशमा शान्ति सेनामा जाँदा यो अनुभवले काम गरेर विश्वको एक उत्कृष्ट सेना, नेपाली सेना भएको हो भन्ने कुरा बिर्सन सकिँदैन । देशको विकासका लागि सेनाको संख्या थप गरी यस्ता विकासका अरु थप काम गर्न सकेमा देशको विकास छिटो हुनेमा दुईमत नहोला । सेना देशभित्रको देश : नेपाली सेनाले देशका अन्तरिक द्वन्द्वको अवस्था परेमा देश सञ्चालनसमेत गरी देशका नागरिकलाई सेवा प्रदान गर्नुपर्छ । कुन बेला के हुन्छ भनी २४ घण्टा नै ब्यारेकमा तैनाथ हुनुपर्ने सेनाबारे सैनिकलाई थाहा हुन्छ । सेनामा सेना देशभित्रको देश हुनका लागि सबै देशमा भएका संस्थाको ज्ञान हुने गरी र परेमा काम गर्ने गरी संस्था बनेको हुन्छ । यी सबै संस्थाका लागि काम गर्न सक्ने गरी संख्या रहनुपर्छ । २४ घण्टा नै ब्यारेकमा रहने हुँदा बिदामा जानेको पनि आफ्नै नियम हुन्छ । तालिममा २५ प्रतिशतको सहभागिता भइराख्नुपर्छ ।

अतः नेपाली सेनाको संख्याबारे बोल्नुअघि सबै कुरा बुझेर बोल्दा विवादमा परिन्नजस्तो लागेको छ । नेपाली सेनाको तुलना अरु देशसँग गर्नु हुँदैन : नेपाल एक विकट भैगोलिक बनोट भएको देश हो । विकसित देशमा एक ठाउँको सेना अर्को ठाउँमा सजिलै छोटो समयमा लान सकिन्छ, तर हाम्रो देशमा एक ठाउँबाट लगेर अर्को ठाउँमा सेना पुऱ्याउने समय लाग्छ । जमिनमा छरिएर बस्नु पर्ने हाम्रो आवश्यकता अरु देशमा नहुन सक्छ । हाम्रो देशमा रोड र एयर मोबिलिटी कम छ । बैतडीमा सेना काठमाडौं पठाउनेभन्दा तेही तैनाथ भएको सेनाले छिटो काम गर्दछ । आफ्नो देशको परिभाषामा पनि आफ्नो सेनाको अधीनको जमिन हो भनि हामीलाई थाहा छ । अरु निजामती कामहरु अनलाइनबाट हुन सक्ला तर जमिनमा कब्जा गरी मेरो देश भन्न सेना जमिनमा आवश्यक हुन्छ । यसरी देशको विभिन्न ठाउँमा सेना रहँदा सेनाको आकार केहि ठूलो हुनुपर्छ । सेनालाई आर्थिक फाइदाको हिसाबले मूल्यांकन गर्नु हुँदैन : सेनाले संसारमा अर्थिक फाइदा गर्दैन तर आर्थिक विकासका लागि आवश्यक पर्ने सुरक्षालाई यकिन गर्ने काम गर्छ । यसको उदाहरण शान्ति स्थापना नभएका अफ्रिकी देशहरूलाई हेर्न सकिन्छ । हतियारको पैसा उद्योगमा लगाउने सोचहरूबाट देशको सुरक्षामा असर पर्ने देखिन्छ । अब के गर्ने त ? सेनाको संख्या कति राख्ने ? भन्नेमाथि उल्लेख भएको आधारमा भन्न सकिन्छ । नेपाली सेनाको हालको संख्यामा आगामी २० वर्षभित्र क्रमिक रुपमा संख्या दोब्बर बनाउन आवश्यक छ । सेनालाई हाल गरेको कामको अतिरिक्त औद्योगिक कार्यमा समेत प्रयोग गरी आवश्यक परेमा राष्ट्रका लागि लड्न सक्ने गरिराख्नु नै नेपालको हितमा हुनेछ । आर्थिक विकास सेनाको संख्या घटाएर हुँदैन, अरु आर्थिक विकासका काम गर्न उचित हुनेछ । सेनाले लडाइँ गर्न सक्दैन भनी सेनाको मनोबलमा असर पर्ने गरि बोल्ने कुरा राम्रो हैन ।

सेनाले लडाइँ भएका देशको लागि लड्ने छ । अबदेखि सेना जस्तो संवेदनशील विषयमा राष्ट्रिय सुरक्षा परिषद्मा मात्र सम्बन्धितले मात्र कुरा गर्ने वातावरण बनाई सामाजिक सञ्जालमा कुरा गर्न बन्द गर्ने कि ? यसबाट हाम्रो देशको सुरक्षामा नकारात्मक असर पर्ने देखिन्छ । तथ्यको आधारमा केहि मित्रराष्ट्रका सेना र नेपाली सेनाको तुलनात्मक विश्लेषण गर्दा नेपाली सेनाको संख्या र बजेट दुवै कम देखिन्छ । नेपालमा जनसंख्याको आधारमा मात्र नभएर भौगोलिक विकटताले गर्दा दोब्बर सेना आवश्यक पर्छ, अतः नेपाली सेनाको संख्या र सेनाका लागि रक्षा मन्त्रालयको बजेट कुल गार्हस्थ्य उत्पादनको प्रतिशतको आधारमा बढाउन अति आवश्यक देखिन्छ । तथ्यको आधारमा मात्र कुरा गर्ने हो भने नेपाली सेनाको संख्या ३ लाख हुनुपर्ने प्रस्ट देखिन्छ ।

सेनाको संख्या र बजेट थप गरी नेपालको रक्षा र विकाससँगै लैजानुपर्ने आजको आवश्यकता हो । सेनाको संख्या भविष्यमा हुने सुरक्षा चुनौतीहरूसँग पनि गाँसिएको हुन्छ भन्ने विषयलाई पनि हामीले बिर्सिनु हुँदैन । अतः सामूहिक भावनालाई कायम राखी नेपाल र नेपालीको हित हुने काममा हामी सबै लाग्नुपर्ने देखिन्छ ।

**(लेखक नेपाली सेनाको अवकाशप्राप्त उपरथी हुन)**

## बासी सडेगलेका खानेकुराहरू नखाऔँ, स्वस्थ र निरोगी बनौँ ।

# वन मन्त्रालयका आठ सहसचिवको सरुवा

सिद्धटोपी खबर
*काठमाण्डौ साउन ०७।*

वन तथा वातावरण मन्त्रालयले मातहतका आठ सहसचिवको सरुवा गरेको छ। मन्त्रालयले बिहिबार सहसचिवहरु सरुवा गरेको जनाएको छ।

वन तथा भूसंरक्षण विभागको रिक्त महानिर्देशकमा मन्त्रालयको योजना अनुगमन तथा समन्वय महाशाखा प्रमुख शिवकुमार वाग्लेलाई सरुवा गरिएको छ। उक्त विभागका महानिर्देशक देवेशमणि त्रिपाठीले उमेरहदका कारण अनिवार्य अवकाशमा लिएपछि महानिर्देशक पद रिक्त थियो। सो विभागका निमित्त महानिर्देशक नवराज पुडासैनीलाई रेड कार्यान्वयन केन्द्रको प्रमुखमा सरुवा गरिएको छ। यसैगरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको महानिर्देशकमा राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिका सदस्य सचिव डा.सिन्धुप्रसाद ढुङ्गानालाई सरुवा गरिएको छ। निकुञ्ज विभागका महानिर्देशक डा.महेश्वर ढकाललाई चुरे उत्थानशील आयोजनाको प्रमुखमा सरुवा गरिएको छ भने चुरे उत्थानशील आयोजनाका प्रमुख बद्रीराज ढुङ्गानालाई मन्त्रालयमा सरुवा गरिएको छ। मन्त्रालयका प्रवक्तासमेत रहेका मेघनाथ काफ्लेलाई राष्ट्रिपति चुरे-तराई मधेस संरक्षण विकास समितिको सदस्य-सचिवमा सरुवा गरिएको छ भने रेड कार्यान्वयन केन्द्रका प्रमुख डा.रामचन्द्र कँडेललाई मन्त्रालयमा सरुवा गरिएको छ।

# विपक्षी दलहरूबाट नेपाली सेना र परराष्ट्र नीतिमाथि प्रहार भयो : परराष्ट्रमन्त्री साउद

सिद्धटोपी खबर
*काठमाण्डौ साउन ०७।*

परराष्ट्रमन्त्री एनपी साउदले विपक्षी दलहरुबाट नेपाली सेना, मुलुकको परराष्ट्र नीति र विदेशी सम्बन्धमाथि प्रहार भइराखेको बताएका छन्।

नेपाली कांग्रेसको जारी केन्द्रीय कार्यसमिति बैठकमा उनले आइतबार सत्ता नपाएपछि विपक्षी दलहरुले सेना, परराष्ट्र नीति र विदेशी सम्बन्धमाथि प्रहार गरिरहेको बताएका हुन्। विपक्षमा रहेका दलहरु सत्ता नपाएपछि रन्थनिएका जस्तो अवस्थामा देखिएका पनि टिप्पणी गरे।

'आज आर्मी जस्तो संस्थामा केही पार्टीहरुले आक्रमण गरिराखेका छन्। आज मुलुकको असंलग्न परराष्ट्र नीति, विदेशी सम्बन्धमाथि प्रहार गर्ने काम भइराखेको छ,' साउदले भने, 'उनीहरु सत्ता नपाएर बौखलाएको जस्तो अवस्था अहिले देखिएको छ।' उनले सत्ता साझेदार दल कांग्रेस सही बाटोमा हिँडेको र सही बाटोमा हिँड्न आत्मविश्वास राखेर अगाडि बढ्नुपर्नेमा पनि जोड दिए।

'नेपाली कांग्रेस ठिक बाटोमा छ। ठिक ट्रयाकमा छ,' साउदले भने, 'यो ठिक ट्रयाकमा जाने कुरामा आत्मविश्वास राखेर अगाडि बढ्नुपर्छ।'

# कृषि शिक्षामा विद्यार्थीको आकर्षण घट्दो

सिद्धटोपी खबर
*भरतपुर, साउन ०७ गते।*

नेपालमा कृषि शिक्षामा विद्यार्थीको आकर्षण घट्दै गएको छ। सरकारले प्राविधिक शिक्षामा विद्यार्थीको पहुँच बढाउन पहल गर्दै आए पनि विद्यार्थीको आकर्षण भने घट्दै गएको हो। कृषि तथा वन विज्ञान विश्वविद्यालयअन्तर्गत रहेका आंङ्गिक क्याम्पसहरूमा छुट्याइएको 'सिट'मा समेत विद्यार्थीको सङ्ख्या पुग्न सकेको छैन। कृषि तथा वन विज्ञान विश्वविद्यालयका उपकुलपति डा पुण्य रेग्मी विद्यार्थीलाई देशमै भविष्य देखाउन नसके विदेसिनेको सङ्ख्या बढेर जाने बताउछन्। उनले कृषि क्षेत्रमा विद्यार्थीको आकर्षण कम भएको बारे गम्भीर बनेको जनाउँदै नीतिगत तहमा छलफल भइरहेको बताए।

उनले भने, "विश्वविद्यालय सुधार गरेर विद्यार्थी र अभिभावकलाई आकर्षण गराउने खालको बनाउनुपर्छ, बन्द हड्ताल र समयमै पढाइ नसकिने परिपाटीको अन्त्य हुनुपर्छ।" विश्वविद्यालय परीक्षा नियन्त्रक कार्यालयका सहनियन्त्रक डा ईश्वरी लौडारीका अनुसार क्याम्पसमा आवश्यक सिटभन्दा पाँच सय ८४ विद्यार्थी कमी रहेका छन्। "विगतमा प्रवेश परीक्षा दिने विद्यार्थीको चाप थाम्न मुस्किल हुन्थ्यो। कुनै वर्ष पाँच हजारसम्मले प्रवेश परीक्षा दिएको तथ्याङ्क छ", उनले भने, "अहिले विद्यार्थी नभएर कोटासमेत पूरा भएको छैन।" नेपालमा 'बिएससी एजी' पढाइ हुने क्याम्पस १६ छन्। त्यसमा नौ सरकारी र सातवटा निजी क्याम्पस छन्। त्यसमध्ये सबै क्याम्पसमा कोटा खाली छ। सातै निजी क्यामपसमा विद्यार्थीको सङ्ख्या शून्य छ। सरकारी क्याम्पसमा पनि विद्यार्थीको सङ्ख्या न्यून रहेको उनले बताए। कृषि विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेका १६ क्याम्पसमा नौ सय ३४ विद्यार्थीको कोटा छ। त्यसमध्ये सरकारी क्याम्पसमा पाँच सय ५४ र निजी क्याम्पसमा तीन सय ५० रहेको छ। तर हाल तीन सय ५० विद्यार्थीले मात्र अध्ययन गरिरहेका छन्। हाल पढिरहेका विद्यार्थी पनि सरकारी क्याम्पसकै हुन्। अझै सरकारी क्याम्पसमा पनि दुई सय ३४ विद्यार्थीको कोटा खाली रहेको उनले बताए।

नवलपरासीको गैँडाकोटस्थित हिमछाया क्याम्पसमा स्नातक तहको कृषि र वन विषयको पठनपाठन हुन्छ। आठ वर्षअघि स्थापित यो क्याम्पसमा यस वर्ष कृषिमा विद्यार्थी नै भर्ना भएनन्। वन विषय अध्ययन गराउने ५० जनाको कोटा रहेकामा चार जनामात्रै भर्ना भए। अघिल्लो वर्ष भने २५ विद्यार्थी भर्ना भएका थिए। कलेजका निर्देशक छविलाल कँडेल विश्वविद्यालयले लिएको प्रवेश परीक्षामा ५० प्रतिशत पनि विद्यार्थी उत्तीर्ण नभएका कारण विद्यार्थी भर्ना हुन नसकेको बताउछन्। कठिन प्रश्नावली, कृषि प्राविधिकको क्षेत्रमा सरकारले लामो समयसम्म विज्ञापन नखुलाउनु र कक्षा १२ पास भएपछि विद्यार्थीलाई विदेश पठाउने गरेका कारण नेपालको शिक्षा प्रणाली धरासायी बन्दै गएको उनको भनाइ छ। चौवन्न जनाको कोटा रहेको दैलेखको दुल्लुमा स्नातक तहको पहिलो वर्षमा कृषि पढ्ने विद्यार्थीको सङ्ख्या शून्य छ। यो क्याम्पस सरकारी हो। कृषि वन विज्ञान विश्वविद्यालयको केन्द्रीय क्याम्पसमा समेत आवश्यक सिट सङ्ख्या पुग्न सकेको छैन। एक सय ७६ सिट सङ्ख्या रहेको क्याम्पसमा एक सय २७ जनाले मात्र पढिरहेका छन्।

कास्कीको पुरन्चौरमा रहेको कृषि क्याम्पसमा कृषि पढ्ने विद्यार्थीको सिट सङ्ख्या ५४ थियो। त्यहाँ ४८ जनाले मात्र पढेका छन्। चौवन्न सिट सङ्ख्या रहेको महोत्तरीको बर्दिबासमा २२ जनामात्र विद्यार्थी छन्। चौवन्न सिट सङ्ख्या रहेका धनकुटा र कैलालीमा क्रमश: ३२ र ३१ विद्यार्थीले पढिरहेका छन्। उनान्चास सिट सङ्ख्या रहेको खजुरामा २९ र रोल्पामा २१ विद्यार्थी भर्ना भएका छन्। भर्ना भएकामध्ये पनि बीचमै छाड्ने विद्यार्थीको सङ्ख्या बढी नै रहेको छ। वीरेन्द्रनगर, ललितपुर, नवलपरासी, झापा, सुनसरी, बाँके र नवलपुरमा रहेका सातवटा क्याम्पसले कृषि पढाउनका लागि सम्बन्धन प्राप्त गरेका छन्। यी क्याम्पसको सिट सङ्ख्या तीन सय ५० थियो। तर अहिले विद्यार्थीको सङ्ख्या शून्य रहेको छ। भर्ना भएकामध्ये पनि करिब २० प्रतिशतले बीचमै छाड्ने गरेको विश्वविद्यालयले जनाएको छ। कृषि

*बाकि पेज नं. ५*

*कृषि.........................................*

तथा वन विज्ञान विश्वविद्यालयमा हुने राजनीतिक बेथिति, विदेश मोहलगायतका कारणले पनि विद्यार्थीको सङ्ख्या घट्दै गएको कृषि विज्ञहरूले बताएका छन्। नेपालमा अझै अध्ययन सँगसँगै रोजगारी गर्ने अवसर कम छ।

त्यही कारण धेरै विद्यार्थी अध्ययन गर्न विदेश जाने गरेको विश्वविद्यालयका निर्देशक डा ऋषिराम कट्टेल बताउछन्। उनले विद्यार्थी भर्ना गर्न र टिकाउनका लागि पढ्दै कमाउँदै गर्ने वातावरण बनाउनुपर्ने बताए। विश्वविद्यालयका कृषि सङ्कायका डिन प्रा डा अर्जुन श्रेष्ठ देशैभरि स्नातक पढ्ने विद्यार्थीको चाप घट्दै गएको बताउछन्। "देशमा कक्षा १२ पढेपछि बाहिर जान थाले।

सबै विश्वविद्यालयमा स्नातक तह पढ्ने विद्यार्थीको सङ्ख्या घट्दो छ", उनले भने, "त्रिविले अधिकांश क्याम्पस समायोजन गर्दै छ।" यद्यपि कृषिमा विद्यार्थीको आकर्षण बढाउने खालका सुधारका योजना विश्वविद्यालयले बनाइरहेको उनले बताए।

***धानका.........................................***

६-७ वर्षअगावै चितवन उपत्यकामा गोला, असामे, मसिनो, मंसरा, घैया, अन्जना, मनभोग आदि जातका धान पाइन्थे। आज (२०३७ सालतिर) उन्नत जात 'मंसुली'ले ८० प्रतिशतभन्दा बढी जग्गा ओगटेको छ।'

**उन्नत धान**

२०७४ चैतमा प्रकाशित सरकारी एक प्रतिवेदन अनुसार, हामीकहाँ धानका ७७ वटा उन्नत जात सिफारिस गरिएको छ, जसमध्ये बर्खे धानका ६३ जात र चैते धानमा १४ जात छन्। जनसंख्यामा वृद्धि र प्रविधिको विकास भएसँगै संसारले छिटो पाक्ने र धेरै फल्ने धानलाई प्राथमिकता दिन थाल्यो। हाम्रो कृषि प्रणालीमा २०१४ सालसम्म उन्नतजातको अभ्यास गरिएको थिएन। २०१४ सालमा कृषि विभाग तथा त्रिभुवन ग्राम विकास विभागद्वारा तयार पारिएको 'कृषि परिचय' पुस्तिकामा उल्लेख छ, 'नेपालमा अहिलेसम्म कुनै अनाजको उब्जनी वैज्ञानिक तरिकाबाट निर्णय गरिएको छैन।' अन्तर्राष्ट्रिय धान वर्ष २०२३ (सन् १९६६) मा कृषि विभागले 'धान' नाम दिएर पुस्तक छापेको थियो। नेत्रबहादुर बस्नेतले लेखेको यस पुस्तक अनुसार, सीएच-४५, एन १३६ लगायत धानहरु २०१४ सालदेखि विदेशबाट झिकाइयो। सरकारले वर्ष २०२२-२३ 'धान कार्यक्रम' सुरु गरेको थियो। कृषि विभागले 'धान कार्यक्रम' भनी २०२३ सालमा प्रकाशन पुस्तिकामा कार्यक्रमको उद्देश्य भनिएको छ, 'स्थानीय बढी उपज दिने धानको बिउलाई प्रोत्साहन दिई र अरु वैज्ञानिक ढंग अपनाई धानको उब्जनी प्रतिएकाई जग्गामा बढाउने।' यस पुस्तिका अनुसार, त्यतिबेला तराई र समशितोष्ण क्षेत्रका लागि नौ प्रकारका बिउ सिफारिस गरिएको थियो। पुस्तिकामा लेखिएको छ, 'लेख (पहाड)का लागि अहिलेसम्म कुनै धान सिफारिस गरिएको छैन। औल (बेसी)को लागि तराई क्षेत्रका लागि सिफारिस गरिएका जातहरु प्रयोगमा ल्याउन सकिन्छ।'

वन संरक्षण गरौं, भूक्षय हुनबाट जोगाऔं-
डिभिजन वन कार्यालय
दार्चुला

योजनाहरुमा हुने दोहोरोपना रोकौं॥ विकासे बजेटको सही सदुपयोग गरौं॥

# शैल्यशिखर नगरपालिका सँग नेपाली काँग्रेस नेताहरुले मागे हिसाव

सिद्धटोपी खबर
*दार्चुला, साउन ०७ गते ।*

जिल्लाको शैल्यशिखर नगर पालिका सँग नेपाली काँग्रेस नेताहरूले हिसाव माग गरेका छन ।

आइतवार नेपाली काँग्रेस शैल्यशिखर नगरसभापति मोहन सिंह साउँद, सुदूरपश्चिम प्रदेश कार्य समिति सदस्य राजेन्द्र सिंह विष्ट, निवर्तमान नगरप्रमुख अमर सिंह धामी लगायतका नेताहरुको टोलीले प्रमुख प्रसासकीय अधिकृत सुरेन्द्र बहादुर विष्टलाई ज्ञापनपत्र बुझाउदै गत आर्थिक वर्षको हिसाव माग गरेको हो ।

नगरपालिकाले गत आर्थिक वर्षमा गरेका सम्पूर्ण कामकाज, योजना तथा कार्यक्रम, नगरपालिका अन्तर्गतका स्थायी, करार, ज्यालादारी सम्पूर्ण कर्मचारीहरुको विवरण, एक वर्षको अवधिमा नगर पालिकाले इन्धनमा गरेको खर्च, सवारी साधन मर्मत, घरभाडा, सवारी साधन भाडा र कर्मचारहरुको टिएडिए लगायत विषयमा सूचनाको हक अन्तर्गत शैल्यशिखर नगरपालिकासँग विवरण माग गरिएको निवर्तमान नगरप्रमुख एवं काँग्रेस नेता अमर सिंह धामीले जानकारी दिए ।

बिगतमा नगरपालिकाका करार कर्मचारी हरुको म्याद नथपी हटाइएको र अहिले सम्म उनीहरुको तलब समेत नहाल्नु लाजमर्दो कुरा भयो, नेता धामीले भन्नू भयो। त्यस्तै गएको असार अन्तिम तिर नगरपालिकाले मनपरि ढङ्गले सडकको कोटेसन समेत बाडेको उहाँले आरोप लगाउनु भयो । यस्तै गोकुलेश्वर बजारको फोहोर व्यवस्थापनको लागि डम्पिङ साइडको बारेमा नगरपालिकाले स्पष्ट धारणा समेत सार्वजनिक गर्नुपर्ने माग गरिएको र विगत सरकारले नीतिगत रुपमा गरेका केही योजना कार्यान्वय नभएको बारे पनि ध्यानाकर्षण गरिएको नेपाली काग्रेस शैल्य शिखर नगर सभापति मोहन साउदले बताए ।

गत आर्थिक वर्षमा नगर पालिकाले भुक्तानी दिएका कार्यक्रम, योजनाहरूको बैंक स्टेटमेन्टसहितको विवरण समेत उपलब्ध गर्न माग गरेका छौ, सभापति साउदले भन्नू भयो ।

## सडक बन्द हुंदा किसानले उत्पादन गरेका कृषिजन्य उत्पादन खेतबारीमै कुहिन थाले

सिद्धटोपी खबर
*दार्चुला, साउन ६ गते ।*

जिल्लाको व्याँस गाउँपालिकालाई सदरमुकाम खलंगासम्म जोड्ने एकमात्र सडक दार्चुला-टिंकर सडक बन्द हुंदा किसानले उत्पादन गरेका कृषिजन्य उत्पादन खेतबारीमै कुहिन थालेको छ । वर्षातको समय सुरु भएसंगै दार्चुला-टिंकर सडक खण्डको विभिन्न ठाउँमा पहिरो खस्दा सडक बन्द भएको हो ।

सडक बन्द भएपछि ढुवानी गर्न नसकिएर व्याँस गाउँपालिकाका विभिन्न वडाहरुका किसानले व्यक्तिगत तथा समूहमार्फत उत्पादन गरेका कृषि उपजहरु खेतबारीमै कुहिन थालेको कृषक अकबर सिह धामीले बताए । गाउँपालिकाको कृषि विकास शाखाको आर्थिक तथा प्राविधिक सहयोगमा उत्पादन गरिएका कृषि उत्पादनहरु खेतबारीमा कुहिन थालेपछि किसानहरु चिन्तित भएका छन् ।

सरकारले उत्पादनमा मात्रै लगानी गरेर नहुने भन्दै उत्पादित कृषि उपजहरुको ढुवानीमा समेत सहयोग गर्नुपर्ने ब्याँसका कृषकहरुले बताएका छन् । जनभावना साना किसान कृषि सहकारी संस्था लिमिटेडले विभिन्न कलस्टरमा उत्पादन गरेको आलु खेतबारीमै कुहिन थालेको व्याँस गाउँपालिका कृषि शाखाका प्रमुख विशेश्वर प्रसाद बडूले बताए । गाउँपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा किसानहरुले उत्पादन गरेको ६ सय क्वीन्टल आलु खेतबारीमा कुहिन थालेको उनले बताए ।

'बाटोघाटो बन्द छ, ढुवानी गर्न नसकिदा किसानले उत्पादन गरेको कृषि उपज कुहिदा दुःख लाग्यो, कृषि शाखा प्रमुख बडूले भने ।' १ सय क्विन्टल आलु खेतबाट निकालेको तथा ५ सय क्विन्टल आलु खेतबारीबाट निकाल्न बाँकी रहेको उनले जानकारी दिए । 'नेपाल कृषि प्रधान देश हो भन्छन् जहाँ सबैभन्दा बढी बजेट कृषि क्षेत्रमा छुट्याइएको हुन्छ, न सडक छ, न त कोल्ड स्टोर नै, व्याँसका किसानले उत्पादन गरेको कृषि उपज दिनप्रति दिन खेतबारीमै कुहिदै गएको छ, कृषक अकबर सिह धामीले भने ।'

सडक बन्द हुँदा किसानले उत्पादन गरेका कृषि उपज ढुवानी गर्न त पाएका छैनन्, कोल्ड स्टोर नहुँदा भण्डारण गर्न पनि पाएका छैनन् । सरकारले अन्य बिलासिताका वस्तुहरुमा ठुलो रकम खर्च गर्नु भन्दा कृषकका उत्पादन भण्डारण गर्न कोल्ड स्टोर जस्ता संरचनाहरुमा लगानी गर्न सके किसानलाई राहत हुने कृषक अगुवाहरु बताउँछन् । कृषि उत्पादनको बजारीकरणमा कृषि ज्ञान केन्द्र दार्चुलाले सहयोग गर्ने भने पनि सडक अवरुद्ध हुँदा कृषि उपज व्याँसमै कुहिन थालेको छ ।

## *दार्चुलाका अमर.....................*

म बाहिरै गाडी कुरिरहेको थिएँ । करिब आधा घन्टामा उनीहरू हडबडिँदै आए । गाडीमा फटाफट पसे र मलाई छिटो दौडाउन इसारा गरे । हामी डेरा पुग्यौं । उनीहरू हतारिएर सामान प्याक गर्न थाले । मलाई 'यहाँ तिम्रो कोही छ' भनेर सोधे । मैले छैन भनें । अनि उनीहरूले आफू भारत फर्कन लागेको भन्दै मलाई 'चिनजानेको मान्छेकोमा गएर बस' भने । दुबईमा कोही चिनेका थिएनन् ।

त्यसैले म उनीहरूसँगै जान्छु भनें । उनीहरू हडबडाएका, हतारिएका र अत्तालिएका थिए । उनीहरूले पक्कै कुनै बदमासी गरेको हुनुपर्छ भन्ने मलाई चिसो पस्यो । तैपनि सोध्न सकिनँ । उनीहरूले पछि आफैं 'हामीहरूले मान्छे मारेका छौं, त्यसैले तिमी हामीसँग नहिँड' भने । म धेरै रोएँ । कुन दशाले आएछु भनेर मनमन आफैंलाई धिक्कारें । तैपनि मेरो कुनै उपाय थिएन । उनीहरूलाई छाडेपछि कहाँ जाने रु त्यही भएर उनीहरूको साथ नछाड्न बाध्य भएँ ।

उनीहरूको आफ्नै क्रुज सानो ( पानीजहाज) रहेछ । जनवरी २५ तारिख सारजहाँबाट त्यसमै चढेर अर्को देशतिर भाग्ने तय भयो । त्यसकै स्टाफका रूपमा मेरो पास बनाइदिए । क्रुज चढ्न त्यहाँ पुग्नासाथ प्रहरीले हामी सबैलाई पक्राउ गर्‍यो । प्रहरीले हिरासतमा मलाई धेरै निर्मम यातना दियो । म पनि मर्छुजस्तै लाग्यो । मैले उनीहरूले लगाएको आरोप नस्विकारेसम्म यातना दिए । बाध्य भएर मैले आरोप स्विकारें । त्यसपछि यातना दिएनन् । अदालतमा यातनाको कुरा भन्न मन थियो । तर, भाषाको समस्याले बताउन सकिनँ । लाँदै, हाजिर गराउँदै, फर्काउँदै गर्थे । त्यत्तिकैमा मृत्युदण्डको फैसला पो आयो । ( जेलमा रहेका अमर बमसँग टेलिफोनमा गरिएको कुराकानी)

**विवाह गरेको १५ दिनमा घर छाडेका थिए अमरले, भेटिने आसमा छिन् पत्नी धनिशा**

**राष्ट्रपति, प्रधानमन्त्री भेट्न खेत बेचेर २१ पटक काठमाडौं धाए वृद्ध बा**

**अमर बमकी पत्नी ३४ वर्षीया धनिशा र बुबा ७२ वर्षीय कर्णबहादुर**

उता युएईमा मृत्युदण्डको सजाय सुनाइएका अमर बम २० वर्षसम्म जेलमा छन्, यता उनकी श्रीमती ३४ वर्षीया धनिशा बम अझै पनि श्रीमान् फर्किने आशामा कुरिरहेकी छिन् ।

विवाह गर्दा धनिशा १४ वर्षको मात्रै थिइन् । घरपरिवारको भविष्य सोचेर अमर विवाह गरेको १५ दिनमै भारतको दिल्ली पुगेका थिए । त्यसअघिदेखि नै उनी दिल्लीमा ट्याक्सी चलाउँथे । वर्ष दिनमा घर फर्किने र सबै ऋण तिरेर नयाँ जीवन सुरुवात गर्ने बाचा धनिशासँग गरेका थिए । तर, सन् २००३ मा अचानक परिवारसँग सम्पर्कविहीन बनेका उनी दुबईको जेलमा परेको पछि मात्रै थाहा भयो । सन् २००७ मा त्यहाँको न्यायालयले उनलाई मृत्युदण्डको सजाय तोकेको पनि परिवारले थाहा पायो । नयाँ घर बनाउन पैसा कमाउने भनेर घर छाडेका अमर फर्किएनन्, घर पनि नयाँ बनेन । अब धनिशाको एउटै आस छ, विवाहपछि सँगै जीवन बिताउन नपाए पनि अब चाँडै जिउँदो फर्किन पाऊन् र बाँकी जीवन सुखमय बनाउन पाऊँ । उनले अमर सुत्ने कोठामा भगवान्का मूर्ति राखेर पूजा गर्ने गरेकी छिन् । 'श्रीमान्को याद आउँदा फोटो हेर्छु,' उनले भनिन्, 'रातदिन श्रीमान्को न्यायका लागि प्रार्थना गरिरहेकी छु ।'अमरले घरमा फोन गरिरहन्छन् । छिट्टै फर्किने सपना पनि देखाइरहेका छन् । 'एक-दुई महिनामा फोन/भिडियो कल आउँछ । न्याय पाएर छिट्टै फर्किन्छु भन्नुहुन्छ,' धनिशाले भनिन्, 'श्रीमान्को लामो आयुको कामना गर्दै साउनमा हरियो चुरा लगाएर बसेकी छु, उहाँ आउने बाटो कुरिरहेकी छु ।'

धनिशालाई ७२ वर्षीय ससुरा कर्णबहादुर बमले ढाडस दिएका छन् ।

छोराको रिहाइका लागि गाउँमा भात खाने खेत बेचेर २१ पटक काठमाडौं धाइसकेका छन् । दुईपटक त धनिशा पनि ससुरासँगै काठमाडौं पुगेर तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री बाबुराम भट्टराई तथा त्यसपछिका प्रधानमन्त्री र परराष्ट्रमन्त्रीलाई भेटेर श्रीमान्को रिहाइका लागि पहल गरिदिन अनुनय गरिन् । 'हरेकपटक सरकार परिवर्तन हुँदा प्रधानमन्त्री र मन्त्रीलाई भेटेर छोराको रिहाइका लागि अनुरोध गर्दै आएको छु,' कर्णबहादुरले भने, 'उमेरले अब हिँडडुल गर्न सक्दिनँ । तैपनि एकपटक फेरि ऋण काढेर अहिलेका राष्ट्रपति रामचन्द्र पौडेललाई पनि भेटेर बिन्ती बिसाउने मन छ । कोही बाहिरबाट आएर अमरको घर सोध्दा छोरा फर्किन्छ कि भन्ने आशा पलाउँछ ।' नयाँ पत्रिका

## *अपर ..............................*

सम्पन्न भएको आयोजनाबाट ४० मेगावाट विद्युत उत्पादन सुरु भएको छ । आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत् प्राधिकरणको बलाँच सवस्टेसनको १३२ केभी प्रशारण लाइनमा जोडिने उहाले बताउनुभयो । चमेलिया नदीको पानीलाई उपयोग गरी अपि पावर कम्पनी लिमिटेडले ४० मेगावाट क्षमताको आयोजना निर्माण सम्पन्न गरेको उहाँले बताउनुभयो ।

सुदूरपश्चिमलाई विद्युतको हब बनाउने अभियान अन्तरगत अपि पावर कम्पनी लिमिटेडले अपर चमेलिया जलविद्युत आयोजना निर्माण गरेको उहाले बताउनुभयो । आयोजनाबाट १६ किलोमिटर लामो लाइन मार्फत बलाच सवस्टेसनको १३२ केभी राष्ट्रिय प्रशारण लाइनमा जोडिने उहाको भनाई छ । आयोजनाको कूल लागत सात अर्ब ४० करोड रहेको उहाले बताउनुभयो । आयोजना निर्माणमा हिमालयन बैंकको अगुवाइमा कर्मचारी सञ्चय कोष, राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक, नेपाल बङ्गलादेश बैंक र सेञ्चुरी कमर्सियल बैंकले ५ अर्ब १८ करोड लगानी गरेको उहाले जानकारी दिनुभयो ।

२०५ मिटर हेड (उचाइ) रहेको सो आयोजनाका लागि ६ किलोमिटर लामो ३.२ डायमिटरको पेनस्टक पाइपलाइन रहेको बताइएको छ । अपिहिमाल र मार्मा गाउँपालिका भएर बग्ने चमेलिया नदीको पानी उपयोग गरी अपिहिमाल गाउँपालिका-५ ओखलमा बाँध बनाई पाइपलाइन मार्फत ल्याइएको पानी मार्मा गाउँपालिका-२ घट्टेगाडमा विद्युत् गृहमा खसाली विद्युत उत्पादन गरिएको हो ।

आयोजनाबाट वार्षिक २६ करोड ४१ लाख युनिट विद्युत उत्पादन हुने पनि कम्पनीले जनाएको छ । कम्पनीले यसअघि ८.५ मेगावाट क्षमताको नौगाड र ८ मेगावाट क्षमताको माथिल्लो नौगाड आयोजनाको निर्माण गरी राष्ट्रिय प्रशारणमा जोडिसकेको छ ।

पानी संधै उमालेर अथवा प्युस हालेर मात्र पिउने गरौं ॥

आफ्नो नगर आफै सफा राख्ने बानीको विकास गरौं ।
महाकाली नगरपालिकाद्वारा जनहितका लागि जारी सन्देश

मष्ट मालिका सञ्चार प्रा.लि. द्वारा प्रकाशित सिद्धटोपी खबर साप्ताहिकका लागि प्रवन्ध निर्देशक उमेश दत्त बडू सम्पादक : प्रेमवल्लभ जोशी, मुद्रणः भावना अफसेट प्रेस खलंगा, कार्यालयः दुहुँ-२ हिकिला, 9866444037,Email,Siddatopikhabar2078@gmail.com, बरिष्ठ सल्लाहाकार धनराज जोशी, मानसिह कार्की कार्यकारी सम्पादक :- प्रेमराज जोशी, बजारः-व्यवस्थापक नविन जोशी